annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२७ पृष्ठ ८ | काठमाडौं, बुधवार १९ भदौ २०८१ | भाद्र शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४४ | WEDNESDAY, SEPTEMBER 4, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

## युवालाई कृषिमा आकर्षित गर्नुपर्छ



नवराज भण्डारी

इजलास

कुल गार्हस्थ्य उत्पादनमा २४ प्रतिशत योगदान कृषि क्षेत्रको छ। ६२ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। गुल्मी जिल्लामा वार्षिक ९१ करोड ७८ लाख ३२ हजारभन्दा बढीको कृषिउपज उत्पादन भइरहेको छ। ४० करोडभन्दा बढीको कृषिउपज जिल्ला बाहिर निर्यात हुन्छ। कृषिका लागि आवश्यक पर्ने श्रमशक्तिका रूपमा रहेको युवा जनशक्ति अन्य क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न रहेका कारण यस क्षेत्रको उत्पादकत्वमा ह्रास आएको छ।

तीव्र बसाइँसराइ र जग्गा बाँझो राख्ने प्रवृत्ति, बढ्दो वन्यजन्तुको प्रकोप तथा सीमित स्रोत-साधन, कृषि ऋण, बिमा, प्रविधि, ज्ञानको प्रयोगलाई तादम्यता मिलाउनुपर्छ। कृषि क्षेत्रको उत्पादनलागत कम गर्नु, कृषि उपजको बजार सुनिश्चितता गराउनु प्रमुख चुनौतीका रूपमा छन्। कृषकको वर्गीकरण गरी परिचयपत्रका आधारमा वित्तीय उत्प्रेरणा, उत्पादनमा आधारित प्रोत्साहन तथा सामाजिक संरक्षणका कार्यक्रम लागू गर्नुपर्छ। विदेशबाट फर्किएका युवाहरूको पहिचान गरी कृषि व्यवसायमा आकर्षित गराउन विभिन्न कार्यक्रम लागू गर्नुपर्छ।

*(भण्डारी कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख हुन् ।)*

कभर स्टोरी

# सहकारीमा करोडौं बचत, उपचार गर्ने रकम नपाई जाँदै ज्यान

**न्युरोडको युवा विकास बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थामा झन्डै डेढ करोड बचत थियो । तर, गम्भीर बिरामी भएपछि उपचार गर्ने बेला सुको भएन । त्यसैकारण शंखमूलका राजेन्द्र स्थापितले अनाहकमा ज्यान गुमाए । यस्ता, दर्दनाक घटना त कति छन् कति ? रगत र पसिनाको कमाइ सहकारीले खाइदिएपछि लाखौं सर्वसाधारण बिचल्लीमा छन् । वर्षौंदेखि सडक आन्दोलनमा छन् । तर, उनीहरूका पीडा र मर्काको अझै सुनुवाइ भएको छैन ।**

**राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



सहकारीको 'अमानवीय' व्यवहारबाट आक्रोशित राजेन्द्र स्थापितका परिवार उनको शव राखिएको बाकससहित शान्तिबाटिकामा धर्नामा बसेका छन् । ● अशोक दुलाल

## ०८४ को चुनावमा एमालेले कसैसँग गठबन्धन नगर्ने

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले ०८४ को आवधिक निर्वाचनमा एमालेले कसैसँग चुनावी गठबन्धन नगर्ने स्पष्ट गरेका छन्। त्यसका लागि पार्टीको एकल बहुमत ल्याउने गरी काममा जुट्न पार्टीका नेताहरूलाई निर्देशन पनि दिएका छन्। पार्टीको मंगलबार बसेको पोलिटब्युरो बैठकमा अध्यक्ष ओलीले आगामी मंसिरमा हुने स्थानीय तहको उपनिर्वाचन र ०८४ को निर्वाचनका लागि पार्टीलाई बलियो बनाउन निर्देशन दिए।

'एमाले ०८४ को निर्वाचनमा कसैसँग गठबन्धन गर्दैन,' ओलीले बैठकमा भनेका थिए, 'एक्लै लड्छ। त्यसका लागि पार्टी बलियो बनाउन जुटौं।' अध्यक्ष ओलीले मंसिरमा हुने स्थानीय तहको उपनिर्वाचनमा पनि पार्टी एक्लै लड्ने बताएका थिए। 'स्थानीय तहको उपचुनावमा हामी एक्लै लड्ने हो। त्यसैअनुसार अहिलेबाटै तयारी गर्नुपर्छ', उनले भने।

एकल बहुमतका लागि पार्टीका राजनीतिक, सांगठानिक कामलाई चुस्त दुरुस्त बनाउन र कार्ययोजना बनाएर कार्यान्वयनमा लैजान सक्नुपर्ने ओलीको निर्देशन थियो। 'संगठनहरू चुस्त दुरुस्त हुनुपर्‍यो, प्रदेश कमिटीहरू राम्रोसँग चल्न सकेका छैनन्, माथिको आदेश कुरेर बसेर मात्रै हुँदैन', अध्यक्ष ओलीले भने, 'ग्राउन्डमा योजना बनाएर अघि बढ्नुपर्‍यो र बनेका योजनाहरू कार्यान्वयनमा लैजानुपर्‍यो।' अध्यक्ष ओलीले पार्टीलाई एकताबद्ध बनाएर सशक्त बनाउन निर्देशन दिएको पोलिटब्युरो सदस्य विशाल भट्टराईले जानकारी दिए। अध्यक्ष ओलीले पार्टीमा भएका अन्तरविरोधलाई समाधान गरी स्थानीय तहको निर्वाचन र ०८४ निर्वाचनको तयारीमा जुट्न पनि निर्देशन दिएको भट्टराईले जानकारी दिए। 'समयमा नै कांग्रेसलाई सत्ता हस्तान्तरण गर्छौं।'

» बाँकी पृष्ठ ६

